# वालिङ नगरपालिका,वालिङ,स्याङ्जा

## Waling Municipality,Waling,Syangja

## आधारभूत तह(कक्षा ८) अन्तिम परीक्षा- २०७५

## Basic Level(Class 8)Final Examination-2075

**कक्षा : ८** **पूर्णाङ्क : ७५** **समय : २ घण्टा १५ मिनेट**

**उत्तर- कुञ्जिका**

**विषय : सामाजिक अध्ययन र जनसंख्या शिक्षा**

**(Social Study & Population Education)**

### Group 'A'

**प्रश्न नं.१** मानव जीवनको सकरात्मक एवम प्रगतिशील परिर्वतन वा यस्तै आसय झल्कने गरी परिभाषा उल्लेख गरेमा १ अंक दिने ।

**प्रश्न नं.२** धर्म संस्कृतीको संरक्षण, धार्मिक,सम्पत्तिको व्यवस्थापन रेखदेख,सामुदायिक भावना जस्ता कुनै १ पक्षको उल्लेख गरेमा १ अंक दिने ।

**प्रश्न नं.३** क्षमतावान,पढेलेखेको तीक्ष्ण बुद्धि र प्राविधिक सीप भएका आर्थिक रुपमा सक्रिय उमेर समूहका मानसिहरु वैदेशिक पलाएन भनि उल्लेख गरेमा १ अंक दिने ।

**प्रश्न नं.४** ३५ भाग र ३०८ धारा भनि उल्लेख गरेमा ०.५ अंकका दरले कुल १ अंक दिने ।

**प्रश्न नं.५** पृथ्वीको चित्र वनाइ अक्षांश रेखा देखाएमा ०.५ अंकका दरले कुल १ अंक दिने ।

**प्रश्न नं.६** धर्म जनगणनाको सुरुवात,सति प्रथाको अन्त्य,दास प्रथाको अन्त्य,त्रि-चन्द्र कलेजको स्थापना,सैनिक अस्पतालको स्थापना,फर्पिङबाट जलविद्युत उत्पादन जस्ता कुनै दुई वुदां उल्लेख गरेमा ०.५ का दरले कुल १ अंक दिने ।

**प्रश्न नं.७** "South Asian Association for Regional Cooperation" भनि लेखेमा १ अंक दिने ।

**प्रश्न नं.८** आन्तरिक र वाह्य व्यापारको एक-एक भिन्नता उल्लेख गरेमा ०.५ अंकका दरले कुल १ अंक दिने ।

**प्रश्न नं.९** मानव जनसंख्याको वैज्ञानिक अध्ययन/अध्ययन गर्ने शास्त्र/गुणात्मक र संख्यात्मक अध्ययन भनी परिभाषित गरेमा १ अंक दिने ।

### Group 'B'

**प्रश्न नं.१०** ३ वटाका दरले उल्लेख गरेमा १ अंकका दरले कुल ६ अंक दिने

| प्रदेश सरकारका कार्य | संघीय सरकारका कार्य |
|---|---|
| –आन्तरिक सुरक्षा व्यवस्था गर्ने | –सिमा सुरक्षा |
| – दैनिक प्रशासन संचालन गर्ने | – वैदेशिक मामला |
| – विकास नीति वनाउने | – सेना परिचालन |
| –प्राकृतिक स्रोतसाधनको प्रयोग गर्ने आदि | – राष्ट्रिय अर्थनीति निर्माण |

**प्रश्न नं.११** व्यक्ति वा समूह विचको मतभेद भनी लेखेमा १ अंक र द्वन्द्वका कारण पहिचान गर्नु,समाजका प्रवुद्ध व्यक्तिहरु वा सामाजिक परिचालक मार्फत मध्यस्थता गर्नु,दुवैका कुरा सुन्ने र वार्ता

गराउन दुवैका गल्ती र कम वुझाइ हटाउने,सहमतिको सामना विन्दु खोजी गरी सम्झौता गराउने जस्ता कुनै ५ वटा वुदां उल्लेख गरेमा १ अंकका दरले कुल ५ अंक दिने ।

**प्रश्न नं.१२** जाति,धर्म,पेशा,लिङ्ग फरक भएता पनि हामी नेपाली र यो हाम्रो साझा नेपाल भन्ने भावनाले सवै नेपाली नेपाल एकिकरणमा सहभागी भएकाले नेपालको सार्वभौमिकता र अखण्डता जोगाउन सकेको जस्ता आसय उल्लेख गरी व्याख्या गरेमा ६ अंक दिने ।

**प्रश्न नं.१३** विदेशी मुन्द्रा आर्जन,राष्ट्रिय आम्दानीमा वृद्धि,रोजगारीका अवसर सृजना,घरेलु तथा साना उद्योगको विकास,ग्रामिण पूर्वाधारको विकास,व्यापार वृद्धि एवम् व्यापार प्रर्वद्धन,कला संस्कृतिको आदान प्रदान,राष्ट्रको प्रचारप्रसार जस्ता पक्षहरु उल्लेख गरी व्याख्या गरेमा ६ अंक दिने ।

**प्रश्न नं.१४** सन् १९४५ अक्टोवर २४ लेखेमा १ अंक र महासभा,सुरक्षा परिषद,आर्थिक तथा सामाजिक परिषद,संयुक्त राष्ट्र संरक्षण,परिषद,अन्तर्राष्ट्रिय,न्यायलय,सचिवालय भनि कुनै चार वटाको सूचि वनाएमा १ अंक र कुनै २ वटाको छोटकरीमा व्याख्या गरेमा ४ अंक दिने ।

**प्रश्न नं.१५** न्युनतम आधारभूत आवश्यकताको सहज पूर्ति भएको अवस्थालाई गुणस्तरीय जीवन भनि लेखेमा १ अंक दिने र  आम्दानी स्वास्थ्य सुविधा,परिवारको आकार,रोजगारी,भोजन/पोषण,सामाजिक सेवा आवास जस्ता पक्षहरु उल्लेख गरी व्याख्या गरेमा ५ अंक दिने ।

**प्रश्न नं.१६** पृष्ठ भरिने गरी सिसाकलमले रेखा वनाई,स्केल र संकेत उल्लेख गरी मान अनुसारको उचाई देखाई स्तम्भ चित्र वनाएमा ६ अंक दिने ।

## Group 'C'

**प्रश्न नं.१७** सामाजिक र आर्थिक रुपले पछाडि परेका विभिन्न जात,जाति,वर्ण,भाषा,क्षेत्र लिङ्गका मानिसलाई राज्यले शिक्षा रोजगार लगायत विभिन्न अवसरमा न्यायोचित रुपमा समावेश गरी मूल प्रवाहीकरण गर्ने प्रक्रियालाई समावेशीकरण भनिन्छ भनेर उल्लेख गरेमा १ अंक र राज्यका सवै निकायमा समानुप्रतिनिधिहरुलाई सुनिश्चित गर्ने, शिक्षा,स्वास्थ्य तथा रोजगारीका अवसरहरु वृद्धि गर्ने,नीति निर्माण गर्ने तथा निर्णय लिने तहमा पिछडिएका वर्गका लागि र लिङ्गका व्यक्तिको पहिचानलाई सम्मान गर्ने, सवै नागरिकलाई न्यायको अनुभुति गराउने,अशक्त र अपाङ्गहरुका लागि विशेष अवसर प्रदान गर्ने,विकास निर्माणमा सवैको सहभागिता र क्षेत्रीय सन्तुलन कायम गर्ने,धार्मिक र सांस्कृतिक सहिष्णुता तथा सामाजिक सद्भाव कायम राख्ने भनी कुनै ७ वटा वुदां उल्लेख गरेमा प्रत्येक बुदांको १ अंकका दरले कुल ७ अंक दिने ।

**प्रश्न नं.१८** पृष्ठ भरिने गरी नेपालको नक्सा वनाई उपयुक्त चिन्ह र स्केलको प्रयोग गरी उपयुक्त ठाउं उल्लेख गरेमा नक्साको कुल अंक ३ र ठाउंको १ अंकका दरले ५ अंक दिने ।

**प्रश्न नं.१९** प्रश्न अनुसार

विस २०७४ सालको वालिङ नगरपालिकाको मध्य वर्षको जनसंख्या(P)=५५०००

सोही वर्षको सोही ठाउंको कुल जीवित जन्मसंङ्ख्या(B)=३१००

त्यसैगरी सोही वर्ष सोही ठाउंको कुल मृत्युसंख्या(D)= ७००

कोरा जन्मदर(CBR)=?

कोरा मृत्युदर(CDR)=?............................................१ अंक

सुत्र अनुसार कोरा जन्मदर(CBR)= $\frac{B}{P} X\ 1000$

मथिको तथ्याङ्क सुत्रमा प्रतिस्थापन गर्दा

कोरा जन्मदर(CBR)= $\frac{3100}{55000} X1000$ = 56.36

∵ कोरा जन्मदर = ५६.३६ प्रति १००० ........................................३ अंक

त्यसैगरी कोरा मृत्युदर(CDR)= $\frac{D}{P} X\ 1000$ = $\frac{700}{55000} X1000$ = 12.72

∵ कोरा मृत्युदर = १२.७२ प्रति १००० ........................................३ अंक

निष्कर्ष:

∵ विस २०७४ सालको वालिङ नगरपालिकाको कोरा जन्मदर ५६.३६ प्रतिहजार

,, ,, ,, कोरा मृत्युदर १२.७२ प्रतिहजार ......................१ अंक

*****समाप्त*****